प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

हर प्रहर ताजा खबर!
लगाईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १०४ ॥ २०८१ जेठ ११ गते शुक्रबार (24th May 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

## माओवादी पार्टी रित्तिदै
# भद्रपुर अध्यक्ष राजभण्डारीसहित दर्जनौं एमालेमा प्रवेश


झापा(प्रस) । सँधै सत्ताका लागि चतुर्याइँ गर्दै आएको नेकपा माओवादी केन्द्र जति चलाख देखिन्छ , त्यति नै जनतामाझ अलोकप्रिय बन्दै गएको छ । पहिलो संविधानसभाको निर्वाचनमा पहिलो पार्टी बनेको माओवादी झापामा रित्तिदै गएको छ । एकपछि अर्को गर्दै नेता कार्यकर्ताहरुले पार्टी छोड्दै गएका हुन् । त्यसक्रममा नेकपा माओवादी केन्द्रका भद्रपुर नगर कमिटीका अध्यक्ष शिवकुमार राजभण्डारी नेकपा एमालेमा प्रवेश गरेका छन् । पहिलो स्थानीय तहको निर्वाचनमा माओवादीका तर्फबाट



भद्रपुरको मेयरका उम्मेदवार तथा दोस्रो स्थानीय तहको निर्वाचनमा गठबन्धनका तर्फबाट उपमेयरका उम्मेदवार रहेका राजभण्डारीलाई नेकपा एमाले दोस्रो दमक नगर अधिवेशनमा पार्टी अध्यक्ष केपी ओलीको पार्टी प्रवेश गराएका हुन् । उनीसंगै माओवादीकै नरपति चापागाईं, चन्द्र तामाङलगायत माओवादी र नेकपा एसका करिव २०० जना अध्यक्ष ओलीबाट टीका लगाएर एमालेमा प्रवेश गरेको पूर्व प्रदेश सांसद बसन्त बानियाँले जनाएका छन् । माओवादी नेता कार्यकर्तामा असन्तुष्टि बढ्दै गएको छ । राजभण्डारीलगायतका नेता कार्यकर्ता पार्टीबाट बाहिरिएपछि माओवादी नेता दुर्गा चौलागाईले झापा पार्टीमा कार्यकर्ताको पलायन हुनुको विभिन्न कारणहरु उल्लेख गरेका छन् । नेतृत्वले कार्यकर्तामाथि गरिने गैरजिम्मेवार व्यबहार र अस्वस्थ सम्बन्ध , पार्टीभित्र चरम गुटबन्दी र सोही अनुरुपको व्यबहार , काम र परिणाम दुबै दिन नसक्ने नेतृत्व लामो समयदेखि लगातार नेतृत्वमा रहनु , राजनीतिक, सामाजिक र आर्थिक रुपले बदनाम ब्यक्ति पार्टीको नेतृत्वमा रहनु , नेतृत्व भनिएकाबाट सरकारी जग्गा दर्ता, किर्ते, ठगीजस्तो जघन्य कार्यमा आफ्नो मुख्य कार्यसूची बनाउनु , नेतृत्वबाट कार्यकर्ताको आत्मसम्मान गम्भीर चोट लाग्नु ,नेतृत्वलाई गैरजिम्मेवार कार्य, व्यबहार र आचरण सुधार्न आग्रह गर्दा नसुध्रिनु , पार्टीभित्रका तथाकथित स्वघोषित सिनियर र तिनको व्यबहारका कारण र

नेतृत्व र कार्यकर्ताबिच राजनीतिक व्यबहारको अभाव मुख्य कारण भएको चौलागाईले बताएका छन् । उनले माओवादी केन्द्रको नेतृत्वलाई सकिने कि सचिने भनेर विगतदेखिकै प्रश्न फेरि राखेका छन् । राजभण्डारीसहितका नेता कार्यकर्ताले पार्टी छोडेपछि अब भद्रपुरमा औंलामा गन्न सकिने माओवादीका नेता कार्यकर्ता रहेको एकजना राजनीतिकर्मीले बताएका छन् ।

## माईखोलामा डुबेर दुई बालकको मृत्यु



झापा(प्रस) । इलाममा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको छ । इलामको माई नगरपालिका ८ बाँदर गाउँस्थित माईखोलामा डुबेर दुई बालकको मृत्यु भएको हो । बिहीवार दिउँसो ३:३० बजेको समयमा माई नगरपालिका ८ बाँदर गाउँस्थित माईखोलामा बालबालिकाहरु पौडी खेल्न गएकोमा दिउँसो ४ बजेसम्म घर फर्केर नआएपछि प्रहरी चौकी दानावारी महमाईबाट प्रहरी टोली खटिगई स्थानीय र प्रहरी समेतको टोलीले खोजतलास गरेको थियो । त्यसक्रममा माई ८ राते बस्ने बिक्रम लिम्बुका छोरा वर्ष ११ का मिङसुहाङ लिम्बुलाई पानीमा फेला पारी उद्दार गरेर तत्काल उपचारको लागि स्थानीय माई अस्पतालतर्फ पठाईएको थियो ।

त्यहाँ प्राथमिक उपचार गरी थप उपचारको लागि बीएण्डसी अस्पताल झापा रेफर गरी ल्याउने क्रममा उनको बाटोमै मृत्यु भएको हो । त्यसैगरी सोही स्थान बस्ने राजेन्द्र आङदेम्बेका छोरा वर्ष ८-९ को किस्मन आङदेम्वेलाई खोजतलास गर्ने क्रममा इलामको घिरलिङ भन्ने ठाउँमा पानीमा मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी डीएसपी प्रकाश जवेगूले बताए । उनीहरुसँग गएका बालबालिकाहरुलाई सकुशल उद्धार गरी आफन्तको जिम्मा लगाइएको डीएसपी जवेगूले जानकारी दिए । बर्खायामको समय भएको कारण जुनसुकै बेला पनि खोलामा बाढी आउन सक्ने भएको हुँदा आफ्ना बालबालिकाहरुलाई नदीनाला, खोला, पोखरीहरुमा पौडी खेल्न नपठाउन र गएमा आफ्ना नानीहरुलाई रोक्न हुन जिल्ला प्रहरी कार्यालय इलामले अनुरोध गरेको छ ।

## घण्टीको जमाना जफत हुन्छ: एमाले नेता भट्टराई

शिवसताक्षी(प्रस) । नेकपा एमाले शिवसताक्षी नगर कमिटीको दोस्रो नगर अधिवेशन बिहीवारबाट शुरु भएको छ । शिवसताक्षीको दूधेमा दोस्रो नगर अधिवेशनको नेकपा एमाले पोलिटव्यूरो सदस्य तथा झापा इन्चार्ज विशाल भट्टराईले उद्घाटन गरेका हुन् ।



कार्यक्रममा बोल्दै पोलिटव्यरो सदस्य तथा झापा इन्चार्ज भट्टराईले नेकपा एमाले देशको प्रमुख शक्ति भएकै कारण घेराबन्दीमा परेको बताए । 'कमजोरलाई कसैले पनि घेराबन्दी गर्दैन'उनले भने,' नेकपा एमाले राष्ट्रिय राजनीति र नेपालको राष्ट्रियताको सम्बर्द्धन गर्ने सन्दर्भमा ठिक ठाउँमा उभिएकै कारण घेराबन्दीमा परेको हो ।' एमालेलाई जति घेराबन्दी गरिन्छ ,पार्टी त्यति नै सफल र चर्चामा रहने उनको भनाई थियो ।

'अहिले आएका नयाँ पार्टीहरु खहरे हुन् ,बर्षात भएका बेला उर्लिन्छन् । आफै समाप्त हुन्छन्' उनले भने ,' होइन भने, पछिल्लो पल्ट निर्वाचन भएको इलाम २ मा स्वतन्त्र पार्टीको जमानत जफत भयो । पर्खंदै जानुहोस् केही समयपछि जमाना जफत हुने वाला छ ।'

संघीय सांसद एलपी सँावा लिम्बूले नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल नेतृत्वमा २००६ सालमा स्थापना भएर विभिन्न आरोह अवरोह पार गर्दै यो अवस्थामा आएको बताए । उनले नेकपा एमालेको जबजको सिद्धान्तको मार्गदर्शन अँगाली मुलुकलाई समृद्ध बनाउनु पर्छ भनेर पार्टीका धेरै योद्धाहरुको त्याग बलिदानबाट आज यो अवस्थामा आइपुगेको जानकारी दिए । उनले नेकपा एमालेले दोस्रो अधिवेशनबाट पार्टीलाई एक ढिक्का बनाएर लैजाने सक्ने नेतृत्व चयन गर्न सबै प्रतिनिधिहरुलाई सुझाए ।

अधिवेशनले नगर कमिटीले प्रस्तुत गरेको राजनीतिक, सांगठनिक तथा आर्थिक प्रतिवेदन पारित गरेको छ । कार्यक्रममा पुराना पार्टी सदस्य र विभिन्न समयमा पार्टीमा योगदान पुर्याउने तीन जनालाई सम्मान गरिएको छ । शिवसताक्षीकै पुराना पार्टी सदस्य तथा पूर्व सांसद तार ासम योङ्या, भूमिगत अवस्थामा पार्टीमा योगदान दिने देवीप्रसाद रेग्मी र आइतमाया लिम्बुलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको थियो ।

अधिवेशनमा नेकपा एमाले जिल्ला सचिव शिव ढुंगेल, केन्द्रीय कमिटी सदस्य तथा शिवसताक्षी इन्चार्ज मेनुका काफ्लेलगायतले शुभकामना मन्तव्य राखेका थिए । अधिवेशनमा केन्द्रीय कमिटी सदस्य, प्रदेश कमिटी सदस्य, नगर कमिटीका पदाधिकारी तथा सदस्य, वडाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । नगर कमिटीका कार्यवाहक अध्यक्ष कमल नेपालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव भिम लिवाङले गरेका थिए ।

## महिलातर्फको उपसचिवमा चौलागाईं निर्विरोध

• **विनोद सापकोटा**

दूधे ।नेकपा एमाले शिवसताक्षीको दोस्रो नगर अधिवेशनमा महिलातर्फको उपसचिवमा कोपिला चौलागाईं निर्विरोध भएकी छन् ।

उनको मात्रै आवेदन निर्वाचन समितिमा दर्ता भएपछि उनी स्वतः उपसचिव पदमा निर्वाचित भएकी हुन् ।निर्वाचन समितिले प्रकाशन गरेको उम्मेदवारको अन्तिम नामावलीमा महिला उपसचिव पदमा उनको मात्र नाम उल्लेख छ। एक नेताका अनुसार उनी स्वतः उपसचिव पदमा निर्वाचित भइन् । यद्यपि निर्वाचन समितिले



यसको आधिकारिक घोषणा गर्न भने बाँकी छ।

नेकपा एमालेको दोस्रो नगर अधिवेशन बिहीवारदेखि शुरु भएको छ। यो अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने नेकपा एमाले शिवसताक्षीले जनाएको छ।

अध्यक्ष पदमा दुई जनाको उम्मेदवारी परेको छ। मेदनी दङ्गाल र कमल नेपालको अध्यक्ष पदमा उम्मेदवारी दर्ता भएको निर्वाचन समितिले जनाएको छ।

यस्तै उपाध्यक्ष पदमा नक्कलमान शेर्मा, विष्णुप्रसाद प्रसाई, हर्कबहादुर सिगु र राजबहादुर लिम्बुको उम्मेदवारी दर्ता भएको छ।

यता सचिव पदमा भने भीम लिवाङ र लक्ष्मी गुरागाईको उम्मेदवारी परेको छ। यस्तै खुल्ला उपसचिव पदमा उमानाथ पराजुली, सागर राई, लोकबहादुर रोका र मुनाकुमारी तामाङको नाम दर्ता भएको निर्वाचन समितिद्वारा प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा उल्लेख छ ।निर्वाचन समितिका अनुसार सहमतिको अन्तिम प्रयास विफल भए शुक्रवार नयाँ नेतृत्वका लागि निर्वाचन हुनेछ ।

## 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' स्थापना

झापा(प्रस) ।'डिजिटल नेपाल फ्रेमवर्क २०७६' को आकाङ्क्षा पूरा गर्ने उद्देश्यअनुरूप सरकारले 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र'स्थापना गरेको छ । सिंहदरबारस्थित पुरानो गृह मन्त्रालयमा कार्यालय रहेको केन्द्रले आफ्नो काम सुरु गरेको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनः




लाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्रको स्थापना गरिएको उनले बताए । गत माघ ९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो ।

केन्द्र सञ्चालन गर्न १२ कर्मचारीको संरचना बनेको छ । पछिल्लो समयमा विभिन्न देशमा साइबर असुरक्षा बढ्दै गएको र नेपालको सन्दर्भमा अझै बढी असुरक्षा बढ्दै गएको सन्दर्भलाई दृष्टिगत गर्दै केन्द्र स्थापना गरिएको हो । नेपालमा पछिल्लो समय साइबर असुरक्षा बढिरहेको सन्दर्भलाई मध्यनजर गर्दै केन्द्रको स्थापना गरिएको साइबर सुरक्षा शाखा प्रमुख महर्जनले बताए । उनका अनुसार केन्द्रले संवेदनशील सूचना पूर्वाधारको चौबीसै घण्टा अनुगमन, साइबर घटना तथा जोखिम मूल्याङ्कन

❖ बाँकी तेस्रो पृष्ठमा

श्री
ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
• कपाल झर्न नदिने
• नया कपाल उमार्ने
• सिल्की बनाउने
• चाया हटाउने
• टाउको चिलाउन रोक्ने
Free Home Delivery
Chemical free, no side effects
100% Natural
Price ~~Rs. 1500/-~~ Rs. 1050/-




Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# कबड्डी टोली बङ्गलादेश प्रस्थान




झापा(प्रस) । चौथो वङ्गबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा सहभागी हुन १२ खेलाडीसहित १६ सदस्यीय नेपाली टोली बिहीबार बङ्गलादेशको ढाका प्रस्थान गरेको छ । मे २६ देखि जुन ३ तारिखसम्म हुने प्रतियोगितामा १२ राष्ट्रको सहभागिता रहनेछ ।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ । नेपाल रहेको समूह 'ए' मा बङ्गलादेश, श्रीलङ्का, इराक, मलेसिया र इन्डोनेसिया रहेका छन् । समूह 'बी' मा थाइल्यान्ड, जापान, पाकिस्तान, दक्षिण कोरिया, केन्या र पोल्यान्ड छन् ।

नेपाली टोलीको खेलाडीमा घनश्याम रोक्का मगर (कप्तान), गणेश कार्की, मनोज भट्ट कपाडी, जितेन्द्र अवस्थी, सागर यादव, इसरात मियाँ, कमलेश लोनिया, प्रकाश गिरी, खगेन्द्र जोशी, सुशील चुनारा, रोहन श्रेष्ठ र विशाल थापा छन् ।

टोलीका कप्तान घनश्यामले भारतको प्रो कबड्डी लिग खेलिसकेका छन् । १०औं संस्करणमा हरियाणा स्लिर्समा १३ लाख भारतीय रुपैयाँमा अनुबन्ध भएका थिए ।

टोलीमा विष्णुदत्त भट्ट प्रशिक्षक, महेश चन्द व्यवस्थापक तथा तर्कराज भट्ट र रमेशचन्द्र ओझा अफिसियलको भूमिकामा बङ्गलादेश गएका छन् । नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले बिहीबार नै बिदाइ गरे ।

# ठगीको आरोपमा झापाका पण्डितसहित तीन जना पक्राउ

झापा(प्रस) ।ठगी गरेको आरोपमा झापाका एक जनासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगारीका लागि अमेरिकालगायतका देशमा पठाउने भन्दै ठगी गर्नेहरूमा झापा घर भई काठमाडौँ-७ चाबहिल बस्ने ३१ वर्षीय प्रशान्त पण्डित, सप्तरी कोइलाली गाउँपालिका-३ घर भई काठमाडौँ-३२ तीनकुने बस्ने ४५ वर्षीय शैलेश कुमार र कैलाली भजनी गाउँपालिका-१ घर भई ललितपुर महालक्ष्मी-१ बस्ने ३६ वर्षीय विशाल हमाल रहेका छन् ।

आकर्षक तलबको प्रलोभनमा पारेर ठगी गरेको भन्दै काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।हमालले अमेरिका पठाइदिन्छु भन्दै दुई जनाबाट १६ लाख ७० हजार रुपैयाँ, शैलेशले बेलायत पठाइदिन्छु भन्दै एक जनाबाट ५ लाख ४० हजार रुपैयाँ, प्रशान्तले भिजिट भिसामा अस्ट्रेलिया पठाइदिन्छु भन्दै एक जनाबाट ८ लाख रुपैयाँ ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

उनीहरूविरूद्ध वैदेशिक रोजगारअन्तर्गत व्यक्तिगत ठगीमा कारबाही चलाउन थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ ।

## 'राष्ट्रिय...

'राष्ट्रिय...

गर्ने, आकस्मिकरुपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्न प्राविधिक जनशक्तिसहितको आकस्मिक सहायता समूह गठन गर्ने र आकस्मिकरुपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्न प्रदेश तथा स्थानीय तहले आकस्मिक सहायता समूह गठन गर्नेलगायत काम गरेको छ ।

राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५ ले गरेको व्यवस्थाअनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आबद्ध प्रतिनिधिका लागि 'साइबर सुरक्षा पूर्वतयारी अभ्यास' पनि सञ्चालन गरिएको थियो । चालु आव २०८०/८१ को बजेट वक्तव्यमा पनि साइबर सुरक्षा केन्द्र स्थापना गर्ने उल्लेख गरेको थियो ।

साइबर सुरक्षा केन्द्रसम्बन्धी व्यवस्थाअनुसार साइबर सुरक्षा सेवा प्रदान गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले अनुमतिपत्र लिनुपर्नेछ । अनुमतिपत्रको किसिम, प्रत्येक अनुमतिपत्र प्राप्त गर्न आवश्यक योग्यता, अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर, अनुमतिपत्रका सर्त र सोसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनुपर्ने जनाइएको छ ।

**असल संस्कार र समृद्धिका लागि एनएमसी**

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

# कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८१ /०२/११

यस संस्थासँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समय सम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५०(पुनर्लेखन २०७७) र कर्जा सम्बन्धी कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.स. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | सोनम तामाङ | मेचीनगर ६ | भिम सेन तामाङ | राम बहादुर तामाङ | दुर्गा तामाङ | काँकरभिट्टा | सोनम तामाङ | भिमसेन तामाङ |
| २ | मेनुका दाहाल | मेचीनगर-६ | लिला प्रसाद गुरागाई | अविशंकर गुरागाई | राज कुमार दाहाल | काँकरभिट्टा | पुष्पलाल दाहाल | टिकाराम दाहाल |
| ३ | तुलसी दास प्रधान | मेचीनगर-६ | गंगा प्रसाद प्रधान | कुल प्रसाद प्रधान | देउ कुमारी प्रधान | काँकरभिट्टा | तुलसी दास प्रधान | गंगाप्रसाद प्रधान |
| ४ | सावित्रा श्रेष्ठ | मेचीनगर-६ | राम बहादुर कटुवाल | पुर्खमान कटुवाल | प्रेम श्रेष्ठ | काँकरभिट्टा | गोमा माया श्रेष्ठ | मन बहादुर |
| ५ | धन प्रसाद राई | मेचीनगर-७ | असार जित राई | धन राई | भिमा राई | काँकरभिट्टा | धन प्रसाद राई /भिमा राई/हिम बहादुर राई | असार जित राई/ वडाधन राई /जित बहादुर राई |
| ६ | बुद्धकुमारी गिरी | मेचीनगर-६ | राम कुमार गिरी | केशर बहादुर गिरी | | काँकरभिट्टा | बुद्धकुमारी गिरी | राम कुमार गिरी |
| ७ | श्याम थापा | मेचीनगर-६ | भिम बहादुर थापा | डिल्लीराम थापा | तारा प्रधान | काँकरभिट्टा | भिमबहादुर थापा/पवित्रा देवी प्रधान | डिल्ली राम थापा/पूर्ण बहादुर थापा |
| ८ | भुपाल ओली | मेचीनगर-६ | चेतनाथ ओली | नारायण ओली | हरिमाया उप्रेती | काँकरभिट्टा | भुपाल ओली | चेतनाथ ओली |
| ९ | इमान सिह विश्वकर्मा | मेचीनगर-६ | धन बहादुर सुनार | छबिलाल सुनार | दुर्गा विश्वकर्मा | काँकरभिट्टा | इमान सिह विश्वकर्मा | धन बहादुर सुनार |
| १० | संदिप सापकोटा | मेचीनगर-६ | धर्मभक्त सापकोटा | कर्म बहादुर सापकोटा | कल्पना राउत | काँकरभिट्टा | धर्मभक्त सापकोटा | कर्म बहादुर सापकोटा |
| ११ | हिरामान राई | मेचीनगर ३ | मान बहादुर राई | इमान बा. राई | सिता राई | वौद्धमोड | हिरामान राई | मान बहादुर राई |
| १२ | रुद्रकुमार लिम्बु | मेचीनगर १ | जयबहादुर लिम्बु | जंगबिर लिम्बु | तिर्थकुमारी लिम्बु | वौद्धमोड | रुद्रकुमार लिम्बु | जयबहादुर लिम्बु |
| १३ | शरद रिजाल | मेचीनगर-२ | जोगेन्द्र प्रसाद रिजाल | रंगलाल रिजाल | रुपा रिजाल | वौद्धमोड | शरद रिजाल | जोगेन्द्र प्रसाद रिजाल |
| १४ | रोहितकुमार बाँनिया | मेचीनगर-३ | लोक बहादुर बानियाँ | अम्बर सिंह बानियाँ | सरला कार्की | भृकुटी | रोहितकुमार बानिया | लोक बहादुर बानियाँ |
| १५ | शरदचन्द्र भण्डारी | मेचीनगर-९ | यामप्रसाद भण्डारी | पदमप्रसाद भण्डारी | विमिशा चम्लागाई | खुट्टिडाँगी | यामप्रसाद भण्डारी | पदमप्रसाद भण्डारी |
| १६ | मुकेश लिम्बु | मेचीनगर-९ | पदमबहादुर लिम्बु | मानध्वज लिम्बु | | खुट्टिडाँगी | पदमबहादुर लिम्बु, विजय बहादुर खत्री | मानध्वज लिम्बु |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
बचत तथा ऋण व्यवसाय समिति,
प्रधान कार्यालय

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागिः
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।
झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।
सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।
वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो । तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्कः ०२३४५२०५३, ९८५२६५५१८९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पेलेर जाने प्रवृत्ति

**सत्तापक्ष र प्रमुख प्रतिपक्ष दल सहकारीको रकम हिनामिना भएको विषयमा संसदीय छानबिन समितिको कार्यादेशमा सहमति गर्न बिहीबार पनि असफल भएका छन् ।**

**सत्तापक्षले संकटग्रस्त सहकारीमा छानबिन गर्ने गरी कार्यादेश बनाउन सकिने तर उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम किटेर जान नसकिने अडान कायम राखेको छ । कांग्रेसले लामिछाने सहकारीको रकम हिनामिनामा जोडिएकाले उनीमाथि छानबिन हुनुपर्ने कुरा दोहोऱ्याएपछि सहमति हुन सकेन ।**

**'हामीले गृहमन्त्री रविजीलाई पहिले नै दोष देखाएर छानबिन समिति गठन गर्न सकिँदैन भनेर आफ्नो धारणा प्रस्टरुपमा राखेका छौं,' कार्यदका सदस्य एवं एमाले मुख्य सचेतक महेश बर्तौलाले भने, 'रविजीको नाम नराखेर सहकारीमा छानबिन गर्न सकिन्छ कि भन्नेमा कांग्रेस देखिन्छ ।'उनले संकटग्रस्त सबै सहकारीको छानबिन गर्न आपत्ति नहुने बताए ।**

**डेढ वर्षभित्र नपुग्दै चौथोपटक प्रतिनिधि सभामा विश्वास मत माग्दै प्रधानमन्त्री पुष्पकमल दाहालले वेलमा नारावाजी गर्दै गरेका नेपाली कांग्रेसका सांसदहरूलाई 'यो कदम निकै महँगो पर्ने' चेतावनी दिएका छन् । कांग्रेसले चुक्ता गर्नुपर्ने मूल्य के हुनसक्छ भन्ने भने उनले खोलेनन् ।**

**प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वासको मत लिन लाग्दा संसद् अवरुद्ध हुनु देशकै दुर्भाग्य हो । विपक्षले वेल घेराउ गर्दागर्दै मर्यादापालकको घेरामा प्रधानमन्त्री रोस्ट्रममा पुगेर विश्वासको मतको प्रस्ताव प्रस्तुत गर्नु र हतार हतार प्रस्ताव पारित भएको घोषणा हुनु पनि संसदीय लोकतन्त्रमा उचित र मर्यादित अभ्यास होइन ।**

**नेपालको संसदीय इतिहासमा २०८१ साल जेठ ७ गते 'कलक्त'का रूपमा अक्तित हुनेभयो । प्रधानमन्त्री दाहाल स्वयंले पनि आजको 'गतिविधि' कांग्रेसका लागि कलक्तका रूपमा स्थापित हुने दाबी पनि गरे । तर, कलक्त उनीमाथि पनि लाग्दैछ भन्ने उनले बिर्सेको देखियो ।**

**संविधानतः प्रधानमन्त्रीले कुनै पनि बेला प्रतिनिधि सभाको विश्वासको मत लिन सक्छ । तर, मुठभेडको नियत नभएको भए प्रधानमन्त्री दाहालले पहिले संसद्को अवरोध खुलाउनुपर्थ्यो । कारण, सहकारी ठगीको छानबिनका लागि संसदीय समितिको माग गर्दै विपक्षले गरेको संसद् अवरोध कायमै थियो ।**

**अर्कोतिर, जनता समाजवादी पार्टी नेपालले फुटेर गएका सदस्यहरूको वैधानिकतामा प्रश्न उठाएर दायर गरेको रिटमा आजै सुनुवाइ भइरहेको छ । बजेट पेस गर्न अझै एक साता बाँकी रहेकाले विश्वासको मत लिने मिति केही दिनपछि सारेको भए पनि दुर्भाग्यपूर्ण स्थिति टर्न सक्थ्यो ।**

**संसदीय छानबिन समितिको कार्यादेश तयार गर्न बनाइएको कार्यदलमा सहमति हुन नसकेपछि विपक्षले संसद् चल्न नदिने पनि थाहै थियो । यसबाट संसदीय मर्यादा भताभुङ्ग बनाउने अग्रसरता प्रधानमन्त्री दाहालले लिएको देखिन्छ । मर्यादा र व्यवस्था कायम राख्ने दायित्व विपक्षभन्दा बढी सरकारको हुन्छ ।**

**विपक्ष सहभागी नभएको विश्वासको मतले प्रधानमन्त्री दाहाललाई सरकार चलाउने कानुनी वैधता त प्राप्त होला तर उनको सरकारको शासन गर्ने नैतिक वैधतामा भने प्रश्न रहिरहनेछ । सरकारको साख गुम्ने यस्तो अवस्था देश र जनताकै लागि पनि प्रिय हुँदैन ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# जलवायु परिवर्तनमा नेपालको बाटो



• यज्ञनाथ दाहाल

जलवायु परिवर्तन, वातावरणीय क्षयीकरण, जैविक विविधताको विनाश, प्रदूषण, खाद्य असुरक्षा, आप्रवासन र आम्दानी तथा स्रोतमा पहुँचको असमानता प्रमुख विश्वव्यापी सङ्कट हुन् । मूलतः संसारभरिको नेतृत्व, नीतिनिर्माता तथा योजनाकार यस्तै समस्या निराकरणका लागि क्रियाशील छन् । विश्वव्यापी खोजको केन्द्र र प्रविधिगत विकासका क्षेत्र पनि यिनै विषयको वरिपरि प्रमुख रूपमा केन्द्रित छन् । संयुक्त राष्ट्रसंघका सबै भेला तथा सम्मेलन पनि प्रमुखतः यस्तै विषयमा केन्द्रित भएको पाइन्छ । द्विपक्षीय तथा बहुपक्षीय सहयोगका क्षेत्रहरू हुन् अथवा राष्ट्रिय, क्षेत्रीय वा विश्वस्तरीय चासोका विषय; सबै नै माथि उल्लिखित समस्या तथा चुनौतीउपर नै केन्द्रित देखिन्छन् ।

सामान्यतया तापक्रम तथा मौसमी ढाँचामा दीर्घकालीन रूपमा हुने बदलावलाई जलवायु परिवर्तन भनिन्छ । प्रमुखतः कोइला, तेल, ग्यास जस्ता जीवाश्म इन्धनको प्रयोग (जलन) नै जलवायु परिवर्तनका मुख्य कारक हुन् । यस्ता जीवाश्म इन्धनको जलनले वायुमण्डलमा हरितगृत ग्यास पैदा गरी यी ग्यासले पृथ्वीलाई वरिपरि ढाकेर सूर्यबाट आउने तापलाई पृथ्वीको वायुमण्डलबाट बाहिर जान नदिई पृथ्वीको तापमान बढाउँछन् । जलवायु परिवर्तन गराउने मुख्य हरितगृत ग्यासमा कार्बनडाइअक्साइड र मिथेन पर्छन् । यीबाहेक अन्य केही ग्यासले पनि जलवायु परिवर्तनमा योगदान दिएका छन् । वैज्ञानिकहरूको खोजले प्रमाणित गरेबमोजिम विगत दुई सय वर्षको अवधिमा पृथ्वीको तापमान बढ्नुमा मानवीय क्रियाकलाप नै जिम्मेवार देखिएका छन् । खडेरीको अवस्था, पानीको अभाव, गम्भीर प्रकृतिका आगलागीका घटना, बाढीपहिरोको प्रकोप, ध्रुवीय क्षेत्रमा हिम पग्लन, विनाशकारी आँधीबेहरी र जैविक विविधतामा ह्रास आदि जलवायु परिवर्तनले उत्पन्न समस्या हुन् ।

विश्वले के गरिरहेको छ त ?

विश्वका प्रमुखतः विकसित र उन्नत औद्योगीकृत राष्ट्रहरूका औद्योगिकीकरण र विकासका क्रियाकलापको कारणले हरितगृत ग्यासको अधिक उत्सर्जनद्वारा विश्वको जलवायुमा परिवर्तन भएको तथ्य सबैसामु छर्लङ्ग छ । यसैलाई हृदयङ्गम गरी सन् २०७० को दशकदेखि विकसित हुँदै आएको जलवायु विज्ञानलाई प्रभावकारी तुल्याउन र जलवायु परिवर्तनको कारण, चुनौती तथा परिणति बुझ्ने वैज्ञानिक ज्ञानको आवश्यकता पूरा गर्न संयुक्त राष्ट्रसङ्घले १९८८ को नोभेम्बरमा विज्ञहरू रहने अन्तरसरकारी जलवायु परिवर्तन समूह (आइपिसीसी) स्थापना गऱ्यो ।

औद्योगिक क्रान्तिपूर्वको उत्सर्जनको स्तरलाई आधार मानी विश्व तापमान २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने गरी हरितगृह ग्यास कटौती गर्ने सीमा तय गरिएको थियो । यद्यपि यो लक्ष्यलाई कानुनी रूपमा बाध्यकारी बनाउने सहमति भने असफल भयो । सन् २०१० को मेक्सिकोको क्यानकुनमा भएको यस महासन्धिको पक्षराष्ट्रहरूको १६ औँ सम्मेलन (कोप-१६) को निर्णय पनि महत्वपूर्ण छ ।

सम्पन्नशाली अर्थतन्त्र भएका राष्ट्रले विकासशील मुलुकको जलवायु परिवर्तनसँग जुध्न र वन विनाश रोक्न सन् २०२० देखि आरम्भ हुने गरी प्रतिवर्ष अमेरिकी डलर सय अर्बका दरले सहायता उपलब्ध गराउने गरी हरित जलवायु कोष स्थापना गर्ने गरी निर्णय गरिएको थियो । यद्यपि आफ्नो प्रतिबद्धताबमोजिमको रकम उपलब्ध गराउन धनी राष्ट्र अझै पनि असफल छन् । निर्णयका दृष्टिबाट सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न पक्षराष्ट्रहरूको २१ औँ सम्मेलन (कोप-२१) सर्वाधिक महत्वपूर्ण छ । यसलाई पेरिस सम्झौताको नामले पनि चिनिन्छ । यो सम्मेलनको प्रमुख विशेषता भनेको पक्षराष्ट्रहरूले स्वैच्छिक रूपमा उत्सर्जन घटाउने र जलवायुजन्य अनुकूलता अभिवृद्धिका लागि राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन महासन्धिको सचिवालयमा प्रस्तुत गर्नुपर्ने रहेको छ । यस सम्मेलनको अर्को महत्वपूर्ण पक्ष भनेको विश्व तापमान वृद्धि दुई डिग्री सेल्सियसभन्दा तल रहने गरी १.५ डिग्री सेल्सियसमा सीमित राख्न हरितगृह ग्यास कटौती गर्ने लक्ष्य हरेक पक्षराष्ट्रले अनिवार्य राख्नुपर्ने निर्णय गरिएको छ । मूलभूत रूपमा यस्तो लक्ष्य निर्धारण गर्दा समयसीमा तोकी खुद शून्य उत्सर्जनको समय निर्धारण गरिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । यसपछि भएका महासन्धिको पक्षराष्ट्रहरूका विभिन्न सम्मेलनमा धेरै विषयमा छलफल र निर्णय भएका छन् । सन् २०२३ को डिसेम्बरमा युनाइटेड अरबको दुबईमा भएको पक्षराष्ट्रहरूको २८ औँ सम्मेलन (कोप-२८) निर्णयको दृष्टिकोणबाट अर्को सर्वाधिक महत्वपूर्ण छ । अल्पविकसित राष्ट्रहरूले जलवायु परिवर्तनको कारणले बेहोर्नु परेको क्षति तथा हानिनोक्सानीको क्षतिपूर्तिस्वरूपको लगानी धनी राष्ट्रले तिर्ने गरी क्षति तथा लगानी कोष स्थापना गर्ने निर्णय भएको छ । यस कोषको सञ्चालन के कसरी गर्ने भन्ने विषयमा भने प्रभावकारी व्यवस्थाका निर्णय गर्न अझै बाँकी छ । यसै गरी यो सम्मेलनको अर्को महत्वपूर्ण निर्णय भनेको जीवाश्म इन्धनको प्रयोगबाट पक्षराष्ट्र अलग्गिँदै गएर स्वच्छ ऊर्जाको उत्पादन र प्रयोगमा लगानी बढाउँदै लैजानेसँग सम्बन्धित छ ।

**नेपालले के गरिरहेको छ त ?**

जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीको प्रभावकारी रूपमा सम्बोधनका लागि अन्तरर्ाष्ट्रिय मञ्चमा नेपालको सक्रिय उपस्थिति रहेको विषय सन् २०२३ मा दुबईमा भएको पक्षराष्ट्रको २८ औँ सम्मेलनमा सरकार प्रमुख सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको सहभागिता र त्यसभन्दा पहिलाका केही यस्तै सम्मेलनमा राष्ट्रपति तथा प्रधानमन्त्रीबाट भएका सहभागिताले पुष्टि गर्छ । पक्षराष्ट्रको सम्मेलनले निर्णय गरेबमोजिमका राष्ट्रिय रूपमा तर्जुमा गर्नुपर्ने नीति, कानुन, योजना, कार्यक्रम र अन्य आवश्यकीय प्रबन्ध नेपालले समयमै सम्पन्न गर्ने गरेको दृष्टान्तबाट पनि जलवायु परिवर्तनले ल्याएको चुनौतीलाई पार गर्न विश्वले लिएको मार्गचित्रमा नेपालको प्रतिबद्धता प्रस्ट रूपमा झल्किन्छ । त्यसै गरी पहाडी तथा हिमाली भूभागमा रहेका मुलुकमा जलवायु परिवर्तनले ल्याउने जोखिम विशेष प्रकृतिका रहने गरेको र तिनको सम्बोधनका उपाय पनि विशिष्ट खालका हुने हुँदा नेपालले पक्षराष्ट्रको सम्मेलनमा यसका लागि विश्वसमुदायको ध्यानाकर्षणसमेत गराएको छ ।

जलवायु परिवर्तन गराउने हरितगृह ग्यासको उत्सर्जनमा नेपालको नगन्य योगदान रहेको (करिब ०.०४ प्रतिशत) भए पनि भौगोलिक स्वरूपका हिसाबले यो चुनौतीले ल्याउने जोखिम भने गम्भीर प्रकृतिको छ । बढ्दो तापमानका कारण हिमाली भेगमा हुने हिउँ पग्लने, पानीको बढ्दो भारले हिमताल विस्फोट, हिमनदीको बाढीपहिरो, सुक्खा खडेरीको बढोत्तरीले वन डढेलोको व्यापकता, मौसमी फेरबदलकै कारण कृषि उत्पादनमा ह्रास तथा अनिच्छित बसाइँसराइँ जस्ता विपत्ति नेपालले सामना गर्नुपर्ने देखिन्छ ।

पक्षराष्ट्रको सम्मेलनले गरे अनुसारका निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा नेपालले सन् २०३० सम्मको अल्पकालीन, सन् २०४० सम्मको मध्यकालीन र सन् २०५० सम्मको दीर्घकालीन लक्ष्यसहितका गतिविधि रहेको जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने र समुदाय तथा पारिस्थितिकीय प्रणालीको जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने ध्येयसहितको सन् २०२१-२०५० सम्मको राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन सन् २०२० मै महासन्धिको सचिवालयमा पेस गरिसकेको छ । सन् २०३० सम्मको अल्पकालीन लक्ष्य प्राप्तिका लागि मात्र पनि करिब ३३ अर्ब अमेरिकी डलर बराबरको बजेटको अनुमानसमेत गरिएको छ । यीबाहेक नेपालले महासन्धिको सचिवालयमा पेस गरेको राष्ट्रिय निर्धारित योगदान प्रतिवेदनको कार्यान्वयनका लागि सन् २०२३ बाट कार्यान्वयन हुने गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना, २०२३ स्वीकृत गरिसकेको छ । नेपालले सन् २०४५ मा खुद शून्य उत्सर्जनको लक्ष्यमा पुग्ने गरी योजनाबद्ध क्रियाकलापको प्रबन्ध गरेको छ ।

**नेपालका लागि अबको बाटो के त ?**

नेपालले जलवायु परिवर्तनले निम्त्याउने जोखिम न्यूनीकरण तथा अनुकूलन एवं उत्थानशीलता अभिवृद्धिका लागि हालसम्मका जति पनि निर्णय गरेको छ, तिनको प्रभावकारी कार्यान्वयनमार्फत लक्ष्य अनुरूपका नतिजा प्राप्तिप्रति सजग हुनुपर्ने छ । यसको निमित्त सञ्चालित गतिविधि र योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी कमीकमजोरी समयमै सुधार गर्नु अनिवार्य छ । जलवायु क्रियाकलापका योजना तथा लक्ष्य प्राप्ति नभएका विषयमा कुनै पनि सम्बद्ध सरोकारवालाले अब बहानाबाजी गरेर उम्कन पाउने छुट कसैलाई छैन किनकि जलवायु परिवर्तनका जोखिमसँग जुध्नु भनेको मानवीय अस्तित्वकै रक्षाका लागि तत्पर रहनु हो ।

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न बृहत् बहुसरोकारवालाको सहयोग, समर्थन र सहभागिताबाट मात्र सम्भव रहेकाले अन्तरक्षेत्रगत समन्वय प्रभावकारी तुल्याउनु महत्वपूर्ण छ । नेपाल जस्ता अल्पविकसित मुलुकको दुर्भाग्य के छ भने अन्तरक्षेत्रगत समन्वयको ठुलो समस्या छ । त्यसो भनेर अब हामीले यसमा छुट पाउने कुनै गुन्जाइस छैन । सम्बद्ध सरोकारवालाको क्षमता विकास, नवीन प्रविधिको सिर्जना तथा उपयोगको ठुलो महत्व छ यस सन्दर्भमा । नेपालले क्षमता विकास, खोज अनुसन्धानमूलक कार्य तथा नवीनता प्रवर्धनमा कमै लगानी गर्ने गरेको छ । अब यो कमजोरी रहनु हुन्न । नेपालले अङ्गीकार गरेको संवैधानिक प्रबन्धबमोजिम विभिन्न विषयका योजना तर्जुमा र कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय सरकार स्वतन्त्र छन् । नेपाल सरकारले जलवायुजन्य कार्यको कार्यान्वयनमा प्रदेश र स्थानीय तहलाई सँगसँगै लिएर हिँड्नु टड्कारो देखिएको छ । नेपाललगायतका अल्पविकसित मुलुकको स्थापित जलवायु कोषको पहुँचमा विविध कारणले कठिन देखिन्छ । यसमा विश्वको ध्यान आकर्षित गर्दै नेपालले यस्ता कोषको परिचालनमा सरलता अपनाउनु पर्छ । जलवायु परिवर्तनसँग सम्बन्धित सम्पन्नशाली मुलुकले प्रतिबद्धता गरेका वाचा समयमा पूरा नगरेका धेरै विषय छन् । तिनका आफ्ना वाचाको पूर्ण परिपालनका लागि नेपालले विश्व मञ्चमा अल्पविकसित राष्ट्रका तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्नु जरुरी छ ।

# व्यवस्थित वैदेशिक रोजगारी



• ढुनबहादुर बुढाथोकी

भारत, बङ्गलादेश, पाकिस्तान र श्रीलङ्का विप्रेषण भित्र्याउने दक्षिण एसियाली अग्रणी मुलुक हुन् । यी मुलुकले विप्रेषण आप्रवाहमा प्रोत्साहन एवं परिचालनका लागि आवश्यक कानुनी संयन्त्र निर्माणसहित अनेक कदम चालेका छन् । खास गरी कर छुट, सेयर तथा सुरक्षणमा लगानी, स्थायी प्रकृतिका सम्पत्तिहरूमा लगानी, आप्रवासी श्रमिक कल्याणकारी कोषलगायत प्रबन्ध मिलाएका छन् ।

दक्षिण एसियाली मुलुकमध्ये भारत सर्वाधिक विप्रेषण भित्र्याउने मुलुक हो । भारतले स्वदेशमा फिर्ता भई स्थायी बसोबास गर्न चाहने गैरआवासीय नागरिकलाई सफ्टवेयर, सूचना प्रविधि, दूरसञ्चार, चिकित्सा, वित्त, खोज तथा अनुसन्धान क्षेत्रमा सहुलियतपूर्ण तथा आकर्षक रोजगारीका अवसर उपलब्ध गराउने व्यवस्था गरेको छ । दीर्घकालीन उद्यममा लगानीका लागि एकद्वार प्रणालीको प्रबन्ध पनि गरेको छ । भारतले सन् २०२३ मा एक खर्ब २५ अर्ब अमेरिकी डलर बराबरको विप्रेषण भित्र्याएको छ ।

बङ्गलादेशले विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न बचत तथा लगानीसम्बन्धी अनेक संयन्त्र निर्माण गरेको छ । बङ्गलादेशले गैरआवासीय नागरिकलाई स्वदेशी वा विदेशी बैङ्कमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने सुविधा उपलब्ध गराएको छ । गैरआवासीय नागरिकलाई स्वतः नवीकरण हुने गरी पाँच वर्षीय विकास ऋणपत्रमा लगानीको अवसर उपलब्ध गराएको छ । बङ्गलादेशमा लगानीबाट प्राप्त मुनाफा स्वदेशमा लगानी गर्न एवं चाहेको बखत साँवा परिवर्त्य विदेशी मुद्रामा लैजान पाउने सुविधा पनि उपलब्ध छ ।

पाकिस्तानले विप्रेषणलाई आर्थिक विकासको औजारका रूपमा उपयोग गर्ने उद्देश्य बोकेको छ । यो उद्देश्य प्राप्तिका लागि सन् २००१ देखि तोकिएको अमेरिकी डलर भित्र्याउने नागरिकलाई उच्च शिक्षा अध्ययनमा सहुलियतसहित सार्वजनिक आवासमा लगानीको अवसर उपलब्ध गराउँदै आएको छ । त्यस्तै तोकिएको परिमाणमा विप्रेषण भित्र्याउने नागरिकलाई निःशुल्क पासपोर्ट नवीकरणसहित सात सय अमेरिकी डलरसम्मको झिटीगुन्टा ल्याउँदा करछुटको सुविधा उपलब्ध छ । पाकिस्तानमा सन् २०२३ मा २४ अर्ब अमेरिकी डलर विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारीका लागि नागरिकलाई श्रम स्वीकृति दिने श्रीलङ्का प्रथम एसियाली मुलुक हो । यो देशले प्रवासबाट फर्किएका नागरिकलाई उद्यम विकास कार्यक्रम संलग्न गराउने गरी अनेक कार्यक्रम अगाडि सार्दै पहिलो पटक सन् १९८२ मा यस्तो कदम चालेको थियो । उक्त लक्ष्य प्राप्तिका लागि श्रीलङ्काको श्रम मन्त्रालयले र मर्चेन्ट बैङ्क अफ श्रीलङ्कासँगको सहकार्यमा उद्यमशीलता विकास कार्यक्रम अगाडि बढाएको थियो । सो अनुरूप वैदेशिक रोजगारीमा जाने नागरिकले परिवर्त्य विदेशी मुद्रामा खाता खोल्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । त्यस्तै वैदेशिक रोजगारीबाट फर्किएका नागरिकद्वारा आर्जित सिप, ज्ञान, अनुभव र विप्रेषण उपयोगार्थ सरकारले ऋण सुविधासहित दीर्घकालीन योजना कार्यान्वयनको प्रबन्ध मिलाएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०५०/५१ बाट मात्र वैदेशिक रोजगारीमा प्रस्थान गर्ने नागरिकको तथ्याङ्क राख्न थालेको हो । रोजगारीका लागि विदेशमा पुगेका नेपाली आव २०७१/७२ मा ३३ लाख ६२ हजार र आव २०७९/८० फागुनसम्ममा ५५ लाख २६ हजार पुगेका छन् । विप्रेषणको हिस्सा कुल गार्हस्थ उत्पादन अनुपातमा आव २०६७/६८ मा १८.५५ प्रतिशत, आव २०७२/७३ मा २९.५२ प्रतिशत, आव २०७५/७६ मा २२.६३ प्रतिशत रहेकामा आव २०७९/८० मा २३.१ प्रतिशत रहेको छ । रोजगारीको सन्दर्भमा नेपालको संविधान २०७२ को धारा ३३ ले रोजगारीलाई नागरिकको मौलिक हकका रूपमा सूचीकृत गरेकामा सो हकलाई प्रवर्धन गर्न रोजगार हकसम्बन्धी ऐन, २०७५ जारी भइसकेको छ । रोजगारीको हकलाई कार्यान्वयन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अगाडि बढाइएकामा २०७५ माघ २५ मा मन्त्रीपरिषद्वारा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ जारी गरी कार्यक्रम सुरु गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हाल १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गरिएको छ । आव २०७९/८० मा सो कार्यक्रममार्फत आठ लाख ४१ हजार युवालाई रोजगारी उपलब्ध गराउने उल्लेख भएकामा पहिलो आठ महिनामा १४ हजारले मात्र रोजगारी प्राप्त गरेका छन् । त्यस्तै आव २०७९/८० सम्ममा सात लाख १२ हजार जनाले सरकारले तोकेको न्यूनतम पारिश्रमिकसहित रोजगारी प्राप्त गरेका छन् । प्रतिव्यक्ति ७८ दिनको रोजगारी प्राप्त गरेर ४८ हजार रुपियाँ पारिश्रमिक पाएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमले माग अनुरूप र शतप्रतिशत रोजगारी प्रदान गर्न भने सकेको छैन ।

चालु आवको बजेट वक्तव्यमा 'स्वदेशमै उत्पादन र रोजगार' भन्ने नारासहित राष्ट्रिय उत्पादन र रोजगारी प्रवर्धन कार्यक्रम सञ्चालन गरिने उल्लेख थियो । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ८६ हजार र युवा स्वरोजार कोषमार्फत १२ हजार श्रमशक्तिलाई रोजगारी उपलब्ध गराइने, चालु आवलाई युवा उद्यमशीलता प्रवर्धन वर्षका रूपमा मनाइने, युवा तथा साना व्यवसायी रोजगार कोषको लगानी मोडालिटी परिवर्तन गरिने, युवाको सिप, पुँजी र प्रविधिमा पहुँच वृद्धि गरिने उल्लेख छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो र मर्यादित तुल्याउन कामदार र इजाजतवालाको हकहितको सुरक्षा गर्न, श्रम बजारको खोजी गर्न, रोजगारीसम्बन्धी सूचना प्रकाशन गर्न, वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन गर्न र वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सिप तथा दक्षता उपयोग प्रबन्ध मिलाउन, श्रम तथा रोजगारमन्त्री वा राज्यमन्त्री पदेन अध्यक्ष रहने व्यवस्थासहित वैदेशिक रोजगार प्रवर्धन बोर्डको गठन भएको छ ।

वैदेशिक रोजगारीमा प्रस्थान गर्ने व्यक्तिलाई अनलाइनमार्फत व्यक्तिगत विवरण, सिप क्षमता उल्लेख गरी वैदेशिक रोजगारीका लागि आवेदन गर्न सकिने व्यवस्था मिलाइएको छ । वैदेशिक रोजगारीमा प्रस्थान गर्न चाहने श्रमिकलाई सिपमूलक व्यावसायिक तालिमको प्रबन्ध गरिएको छ । नेपाली श्रमिकलाई विदेशमा पठाउँदा वैदेशिक रोजगार ऐन, २०६४ अनुसार निजी क्षेत्रका इजाजतवाला संस्थाले श्रमिक पठाउने कार्यमा सहजीकरण गर्न सक्छन् । त्यस्तै विदेशमा कार्य गर्ने श्रमिकलाई परिवर्त्य विदेशी मुद्रामा वाणिज्य बैङ्कमा खाता खोल्न पाउने सुविधा नेपाल राष्ट्र बैङ्कले उपलब्ध गराएको छ । सन् २००२ मार्च २९ मा विप्रेषण स्थानान्तरणका लागि निजी कम्पनीलाई लाइसेन्स उपलब्ध गराइएको छ । सो अनुरूप हाल वाणिज्य बैङ्कबाहेक ५० भन्दा अधिक कम्पनी यस कार्यमा संलग्न छन् । निजी कम्पनीहरूले प्रचलित खरिद दरमा प्रतिडलर १५ पैसाका दरले कमिसन लिन पाउँछन् ।

विदेशमा पुगेका कामदारले पठाएको विप्रेषणको बचत तथा लगानीका लागि नेपाल राष्ट्र बैङ्कले वैदेशिक रोजगार बचतपत्र कार्यान्वयनमा ल्याएको छ । सो अनुरूप बचतमा १० प्रतिशतका दरले ब्याज, प्रत्येक छ/छ महिनामा ब्याज भुक्तानी, पाँच वर्षमा साँवा भुक्तानी, चाहेको समयमा बचतपत्र बिक्री, बैङ्कमा धितो राखी ऋण लिन सक्ने सुविधा उपलब्ध गराइएको छ । त्यस्तै मुलुकबाहिर रोजगारीमा संलग्न रहेका एवं रोजगारीबाट फिर्ता भई चार महिना नपुगेको नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममा बचतपत्र खरिद गर्न सक्ने प्रावधान मिलाइएको छ ।

विदेशमा कामका लागि पुगेका श्रमिकको पिरमर्का, गुनासो, सल्लाह सुझाव सम्बोधनका लागि गुनासो तथा पिरमर्का जाहेरी तथा सम्बोधनका लागि हटलाइन नम्बर, मोबाइल नम्बर, म्यासेज तथा इमेलको प्रबन्ध मिलाइएको छ । त्यस्तै

❖ बाँकी तेस्रो पृष्ठमा

# विश्व बैंकद्वारा ४६ लाख अमेरिकी डलरको अनुदान

झापा(प्रस) । विश्व बैंकद्वारा लैंगिक हिंसाविरुद्ध विकृति हटाउन ४६ लाख अमेरिकी डलर अनुदानको आयोजनाको शुभारम्भ गरिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरी र माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जेर्भोसले मंगलबार संयुक्त रूपमा संघीय नेपालमा लैंगिक हिंसाविरुद्धको प्रतिकार्य संस्थागतीकरण आयोजनाको सुरुवात गरेका हुन्। नेपाल सरकार र विश्व बैंकबीच यस आयोजनाका लागि २०८१ वैशाख १२ मा वित्तीय सम्झौतामा हस्ताक्षर भएको थियो। उक्त त्रिवर्षीय आयोजनाले कोशी र लुम्बिनी प्रदेशका ६ नगरपालिकामा कानुनी सहायता, मनोसामाजिक परामर्श र चिकित्सा सहायताजस्ता लैंगिक हिंसाविरुद्धको बहुक्षेत्रीय प्रतिकार्य सेवामा महिला तथा बालिकाको पहुँच बढाउन मद्दत गर्ने भएको छ। यसले लैंगिक हिंसापीडित करिब ४९ हजार महिला तथा बालिकालाई गुणस्तरीय सेवामा राम्रो पहुँचमार्फत लाभान्वित गराउने लक्ष्य लिएको छ।

उक्त आयोजनाका लागि राज्य तथा शान्ति निर्माण कोष (स्टेट एन्ड पिसबिल्डिङ ट्रस्ट फन्ड) ले ४६ लाख अमेरिकी डलरबराबरको अनुदान उपलब्ध गराएको छ। यस आयोजनाको कार्यान्वयन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा गरिने भएको छ। विश्व बैंकअनुसार आयोजनाले संस्थागत संरचना र क्षमता सुदृढ गर्नुका साथै सेवाको पहुँच र गुणस्तर सुधारमा ध्यान केन्द्रित गरी लैंगिक हिंसाविरुद्धका नवीनतम उपायहरूसम्बन्धी नमुना कार्यक्रम सञ्चालन गर्नेछ। यसैगरी, लैंगिक हिंसाविरुद्धको सुदृढ प्रतिकार्यका लागि पहिलो प्रतिकार्यकर्ता (फस्ट रेस्पोन्डर) र स्थानीय सरोकारवालाको व्यवहार परिवर्तनलाई बढावा दिने भएको छ।

यसैक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरी लैंगिक हिंसाको सम्बोधनलाई नेपाल सरकारले प्राथमिकतामा राखेको बताउँछिन्। चौधरीका अनुसार नगर, प्रदेश र संघीय तहमा लैंगिक हिंसाविरुद्धका प्रतिकार्य संयन्त्रहरूलाई आबद्ध गर्ने कार्यमूलक समन्वय प्रणाली स्थापनाका लागि यस आयोजनाले सहयोग गर्नेछ।

यस्तै, विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जेर्भोस यस आयोजनाले विशेषगरी अति दुर्गम र पुग्न कठिन क्षेत्रमा लैंगिक हिंसाविरुद्धका सेवाहरूमा तत्काल पहुँच प्राप्त गर्न, हिंसाको उजुरी गर्न र यसका लागि सहयोग माग्न महिला तथा बालिकालाई सशक्तीकरण गर्ने बताउँछन्। उनी भन्छन्, 'नेपालको हरित, उत्थानशील र समावेशी विकासमा टेवा पुऱ्याउन यो ज्यादै महत्वपूर्ण छ।'

## अर्जुनधारामा मौरीपालनको सम्भावना
# २८ हजार घार राख्न सकिने

खुदुनाबारी(प्रस) । झापाको अर्जुनधारा नगर क्षेत्रमा परम्परागतरुपमा मौरी पाल्दै आएका कृषकको अनुभवलाई समेटेर व्यावसायिकरुपमा मौरीपालन गर्न सकिने व्यापक सम्भावना देखिएको छ । नगर कृषिमा आधारित भएको र तोरी खेतीलगायत प्राकृतिक चरनका खेती गर्ने कृषकहरु भएकाले पनि मौरीपालनको सम्भावना देखिएको अर्जुनधारा नगरपालिकाको कृषि शाखाले जनाएको छ । कृषि शाखाका प्राविधिक कृष्णराज जोशीका अनुसार यस क्षेत्रमा मौरीलाई प्राकृतिक चरन स्रोतका रुपमा चाहिने तोरी, सर्स्यू, मकै, फापर, सूर्यमुखी, लिची, केरालगायतको खेती गरिँदै आएको छ । अर्जुनधारा नगर क्षेत्रमा २८ हेक्टर क्षेत्रफलमा तोरी खेती गरिँदै आएको तथ्यांक छ । तथ्यांकअनुसार यस क्षेत्रमा २८ हजार मौरीका घार राख्न सकिने कृषि शाखाले



जनाएको छ । तराई क्षेत्रमा मेलीसेरा जातको मौरी फस्टाउने भएकाले अर्जुनधारामा यसको सम्भावना रहेको प्राविधिक जोशीले बताए । उनका अनुसार यस जातको व्यावसायिक मौरीपालन गर्दा वर्षमा एकै घारबाट ४० देखि ५० केजी मह उत्पादन गर्न सकिन्छ । यसैगरी, १ हजार २ सय मिटरको उचाइसम्म सेरेना जातको मौरी पनि पाल्न सकिन्छ । तर, यसको उत्पादन भने वार्षिक १५ देखि २० केजीमात्र हुने बताइएको छ । अर्जुनधारामा मौरीपालनको सम्भावना भए पनि धेरैभन्दा धेरै बाली उत्पादनका लागि विषादि प्रयोग गर्ने कृषक पनि भएकाले उत्तिकै चुनौती थपिने कृषि प्राविधिक जोशीले बताए । यसैबीच, अर्जुनधाराका मौरीपालक कृषकका लागि व्यवसायसँग जोड्न सातदिने आधारभूत मौरीपालन तालिम दिइएको छ । २ नम्बर वडा कार्यालयको हलमा मौरी पाल्दै आएका नगर क्षेत्रका ३० जना कृषकलाई तालिम दिइएको हो । मौरीपालनका लागि सम्भावना बोकेको अर्जुनधाराको भूगोल, बालीनाली सुहाउँदो भएकाले कृषकहरुलाई व्यवसायसँग जोड्न तालिम आयोजना गरिएको नगरपालिकाकी आर्थिक समितिकी संयोजक गौरीमाया चिमरियाले बताइन् ।

प्राविधिक जोशीका अनुसार मौरीको जीवनचक्र, शारीरिक संरचना, कार्य विभाजन, गोला व्यवस्थापन, संयोजन, हुल निर्यास व्यवस्थापन, गृह त्याग व्यवस्थापनबारे तालिममा सहभागीलाई जानकारी दिइएको छ । यसैगरी, रोग, शत्रु जीवबाट बच्ने उपाय, चरन व्यवस्थापन, आहारा व्यवस्थापन र घारको संरचनाबारे सहभागीलाई जानकारी दिइएको छ । उनीहरुलाई धुलाबारीमा स्थलगत अवलोकन भ्रमण पनि गराइएको छ । अर्जुनधारामा मौरीको मह नै बेच्नेगरी कृषकहरु व्यावसायिक बनेका छैनन् । व्यक्तिगत प्रयोजन र शौखका लागि मौरीपालन गरिँदै आए पनि मौरीपालकहरु संगठित भएका छैनन् । यस क्षेत्रमा एक सयभन्दा बढीले मौरी पाल्दै आएको बताइएको छ । मौरीपालनमा महिलाभन्दा बढी पुरुषको संख्या बढी छ । मौरीपालनसम्बन्धी ज्ञान र सीपकै अभावले महिलाहरुको सहभागिता कम भएको अनुमान गरिएको छ । तालिममा सतासी महिला सहकारी संस्थाकी प्रशिक्षक देवी दाहालले सहभागीलाई सहजीकरण गरिरहेकी छन् । नगरपालिकाले सहभागीलाई ५ वटा फ्रेमसहितको एक मौरीको घारसहित आवश्यक सुरक्षा सामग्री प्रदान गर्ने आर्थिक समितिकी संयोजक चिमरियाले बताइन् ।

# दुर्व्यसनविरुद्ध चेतनामुलक कार्यक्रम

बिर्तामोड(प्रस) । लायन्स क्लब अफ बिर्तामोड लेडीले लागूऔषध दुर्व्यसनीविरुद्ध चेतनामुलक कार्यक्रम बिर्तामोड ५ स्थित सरगम संगीतालयमा सम्पन्न गरेको छ । बिर्तामोड ५ नं वडा कार्यालयको आर्थिक सहयोगमा सम्पन्न कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडकी प्रहरी नायव निरीक्षक गीता कार्कीले लागूऔषध दुर्व्यसनका बारेमा जानकारी दिएकी थिइन् । सोही कार्यक्रममा महिलाहरुलाई नेतृत्व विकास तालिमसमेत दिइएको थियो । जसको सहजीकरण संचारकर्मी लीला अनमोलले गरेकी थिइन् । बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्य एवं लायन्स क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष निरु उप्रेती ओलीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड ५ का वडा सदस्यहरु ओमभक्त सेढाई , दुर्गा शिवाकोटी , कृषि बजार व्यवस्थापन समिति बिर्तामोडका अध्यक्ष निरजकुमार ओली , लायन्स लिडर, बिभिन्न संघ संस्थाका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

# यक्वा तङनामः किरातेश्वर माङहिममा माङ सेवा




शनिश्चरे(प्रस) । झापाको अर्जुनधारा ११ स्थित सालबारीमा रहेको किरातेश्वर हाङसाम थेवा युमा माङहिममा विविध कार्यक्रमसहित उभौली पर्व अर्थात् यक्वा तङनामको अवसरमा पूजाअर्चना (माङसेवा) गरिएको छ । माङहिम परिसरमा गालीसराप बहन्ती, संसारीको पूजाअर्चना, युमा थेवा हिममाङको पूजाअर्चना, लेदुङ सेमी, माङहिम परिसरमा सुम्निसा राख्ने र ३१ वटा लिङ्ग फेर्नेलगायतका कार्यहरु गरियो । माङहिमका सेवासाँवा (पूजारी) भीमराज कुरुम्वाङ लिम्बूका अनुसार अर्जुनधारा नगर क्षेत्रमा बसोबास गर्ने लिम्बू समुदायहरु सहभागी भएर पूजाअर्चना गरिएको हो । किरात याक्थुङ चुम्लुङ अर्जुनधाराका अध्यक्ष तथा उभौली पर्व २०८१ आयोजक समितिका संयोजक तिलसिंह माङमू लिम्बूको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्व सांसद् शेरबहादुर इङनाम, वडाध्यक्ष खगेन्द्र इङनाम, नेपाल आदिवासी जनजाति महासंघ अर्जुनधाराका उपाध्यक्ष भीम श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सोही कार्यक्रममा दाताहरु अर्जुनधारा ४ की मीनादेवी राई, अर्जुनधारा ५ की हर्कबहादुर लिङदेन, अर्जुनधारा ६ की ज्ञानुदय नेम्वाङ, अर्जुनधारा १० का कृष्णबहादुर कुरुम्वाङ लिम्बू र विमाया राई साङदेनलाई सम्मान पत्र प्रदान गरिएको थियो । कार्यक्रममा अर्जुनधारा १० कालिभोडास्थित चोमोलुङ किरात याक्थुम केलाङ समाजमा आबद्ध कलाकारहरुले केलाङ, माङलाङ प्रस्तुत गरेका थिए । समितिका सदस्य मोहन सुब्बाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन अर्का सदस्य खगेन्द्र लिङदेनले गरेका थिए ।

## व्यवस्थित..

रोजगारीको खोजी, राहदानी आवेदन, नो अब्जेक्सन लेटरलगायतका कार्य अनलाइनमार्फत गर्न सकिने प्रबन्ध मिलाइएको छ । वैदेशिक रोजगारीमा प्रस्थान गर्न चाहने श्रमिकका लागि अभिमुखीकरण तालिमको प्रबन्ध गरिएको छ । इजरायललगायतमा घरेलु कामका लागि प्रस्थान गर्ने कामदारका लागि केयरगिभर तालिमको व्यवस्था गरिएको छ । इजाजतवाला र कामदार वैदेशिक रोजगार विभागमा उपस्थित भई करार गर्नुपर्ने (करारसम्बन्धी कार्यविधि, २०७१) व्यवस्था गरिएको छ । प्रस्तुत सन्दर्भमा वैदेशिक रोजगारी प्रवर्धनका लागि राज्यले केही गरेकै छैन भन्दा अन्याय हुन्छ । तथापि यी प्रावधान अपर्याप्त छन् ।

अन्तर्राष्ट्रिय श्रमसम्बन्धी अभिसन्धिहरू अनुमोदन गर्नु भनेको रोजगारदाता मुलुक निश्चित दायित्वमा अनुबन्धित हुनु हो । श्रमसम्बन्धी अभिसन्धिमा हस्ताक्षर गरेका मुलुकमा श्रमिकलाई वैदेशिक रोजगारीका लागि पठाउँदा श्रमिकको मौलिक तथा मानवीय हक सुरक्षित बन्दछ । यसर्थ गन्तव्य मुलुकलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सम्बन्धित अभिसन्धिहरू र संयुक्त राष्ट्रसंघीय आप्रवासनसम्बन्धी महासन्धि, १९९० मा हस्ताक्षर तथा अनुमोदन गर्न अन्तर्राष्ट्रियस्तरमा दबाब सिर्जना गर्न पर्दछ ।

वैदेशिक रोजगारीको क्षेत्रलाई व्यवस्थित गर्न कूटनीतिक नियोगले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । अहिले पनि हाम्रो वैदेशिक रोजगारीमा कूटनीति कमजोर रहेको छ । त्यसैले परराष्ट्र मन्त्रालयको संयन्त्रभित्र वैदेशिक रोजगार डेस्कको स्थापना गरी एकीकृत समन्वय निर्माण गर्नु पर्छ । यसै गरी श्रम सहचारीलाई परराष्ट्र मन्त्रालयको कार्यप्रणालीमा आन्तरिकीकरण गरी श्रम व्यवस्थापन, श्रमिकको अधिकार सुनिश्चत गर्न, विवाद व्यवस्थापन, श्रमिक कल्याण र श्रम प्रवर्धन कार्यमा परिचालन गर्न पर्दछ । त्यस्तै वैदेशिक रोजगार ऐन, २०६४ मा पाँच हजारभन्दा अधिक नेपाली श्रमिक पुगेका मुलुकमा श्रम सहचारी खटाइने व्यवस्था रहेको छ । त्यसैले श्रम सहचारी, कल्याणकारी अधिकृत र दोभासे प्रबन्ध गर्नु पर्दछ ।

वैदेशिक रोजगारीमा पुगेका श्रमिकलाई कुनै समस्या, अन्याय वा पीडासम्बन्धी जाहेरीका लागि राजदूतावासको खाँचो पर्दछ तर अहिलेसम्म इजरायल, जापान, लेबनान, मलेसिया, कतार, साउदी अरब, दक्षिण कोरियालगायत ३० वटा मुलुकमा मात्र राजदूतावास स्थापना भएकाले राजदूतावास स्थापना नभएका रोजगारी गन्तव्य मुलुकमा राजदूतावास स्थापना गर्न सरकारले पहल गर्नु पर्दछ । तथापि अल्प अवधिमा राजदूतावास स्थापना कठिन हुने हुँदा नेपाली कामदार लिने कम्पनीले हरेक श्रमिकबाट निश्चित रकम सङ्कलन गरी सो रकम उक्त मुलुकको कूटनीतिक नियोगमा दाखिला प्रबन्धसहित उक्त रकमबाट नेपाली श्रमिकको उद्धार, आश्रयगृह स्थापना र पिरमर्का सम्बोधन गर्ने प्रबन्ध मिलाउनु पर्दछ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
कॉँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ